आमाछोदिङमो गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङबेसी, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं .०८२/०८३ मितिः २०८२।०६।२८

च.नं. २५२

विषयः- सूचना टाँस गरि जानकारी पठाउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै

श्री स्वास्थ्य संस्थाहरु सबै

श्री विद्यालयहरु सबै

आमाछोदिङमो गाउँपालिका, रसुवा ।

प्रस्तुत बिषयमा जिल्ला प्रशासन कार्यालय, धुन्चे रसुवाको प.सं. ०८२।०८३ च.नं ४१९ को पत्र साथ प्राप्त भएको फरार कैदिबन्दीहरु सम्पर्कमा आउने/ल्याउने सम्बन्धी सूचना थान १ यसै पत्र साथ संलग्न राखी पठाईको हुँदा त्यस कार्यालयको सूचनापाटीमा उक्त सूचना टाँस गरि यस कार्यालयलाई जानकारी पठाउनु हुन अनुरोध छ ।

..........................

विकाश शर्मा रिजाल

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**

श्री सूचना तथा प्रविधि अधिकृतः यसै पत्र साथ संलग्न भएको फरार कैदिबन्दीहरु सम्पर्कमा आउने/ल्याउने सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट, फेसबुक पेज, स्वास्थ्य संस्था, वडा कार्यालय र सबै विद्यालयहरुमा पठाउनु हुन ।

www.aamachhodingmo.gov.np Email: aamachhodingo@gmail.com

प्रमुख प्रशासकिय अधिकृतः 9766430600 प्रशासन तथा राजश्व शाखाः 9766430602

CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेबसाईट: daorasuwa.moha.gov.np
Google+code ~~476k+j6~~
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- ४९६

## फरार कैदीबन्दीहरू सम्पर्कमा आउने/ल्याउने सम्बन्धी सूचना ।

मिति २०८२ भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा देशका विभिन्न स्थानमा रहेका कारागारबाट फरार भएका कैदीबन्दीहरूलाई कारागारमा फर्काउन गरिएका विभिन्न प्रयासहरूका बावजुद उल्लेख्य संख्यामा कैदीबन्दीहरू कारागार बाहिर रहेकोले खोजी, नियन्त्रण र पक्राउ गरी कारागारमा शीघ्र फिर्ता ल्याउन नेपाल सरकार, गृह मन्त्रालय (मन्त्रीस्तर) बाट मिति २०८२।०६।१० गतेको निर्णयानुसार सम्बन्धित जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा तथा अन्य निकायका प्रतिनिधि समेत सदस्य रहने गरी **"फरार बन्दी खोजी तथा पक्राउ कार्यदल"** गठन भई क्रियाशील अवस्था रहेको छ। सो सन्दर्भमा फरार रहेका कैदीबन्दीहरूलाई कारागारमा शीघ्र फिर्ता ल्याउन नेपाल सरकार, गृह मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०८२।०६।२६ गतेको निर्णयानुसार फरार कैदीबन्दीहरूको सूची/नामावली गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग र सबै जिल्ला प्रशासन कार्यालयको वेबसाईटमा समेत सार्वजनिक गरिएको हुँदा फरार रहेका कैदीबन्दीहरू यथाशीघ्र जिल्ला प्रशासन कार्यालय, कारागार कार्यालय, गठित कार्यदल वा नजिकको सुरक्षा निकायहरू मार्फत सम्पर्कमा आउनुहुन यसै सूचनाद्वारा सूचित गरिन्छ। साथै, जिल्लास्थित सरकारी तथा सार्वजनिक निकायहरूले समेत संलग्न विवरण बमोजिमका फरार कैदीबन्दीहरू कार्यालयमा सेवा प्राप्तिको लागि सेवाग्राहीको रुपमा आएको अवस्थामा जिल्ला प्रशासन कार्यालय, फरार बन्दी खोजी तथा पक्राउ कार्यदल एवम् नजिकको सुरक्षा निकायमा जानकारी गराउन हुन समेत अनुरोध छ।

फरार कैदीबन्दीहरूको विवरण: https://daorasuwa.moha.gov.np/post/ka-ra-ga-rab-ta-fara-ra-ka-tha-bna-tha-hara-ka-va-varanae

मिति: २०८२।०६।२७ गते,
नेपाल सम्वत: ११४५ ।

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी